नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

## सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली, २०६८

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "सार्वजनिक खरिद (तेस्रो संशोधन) नियमावली, २०६८" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा संशोधनः** सार्वजनिक खरिद नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ७ को उपनियम (३) मा रहेका "सार्वजनिक निकायको सचिवबाट" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) का सार्वजनिक निकायका हकमा सम्बन्धित निकायसँग सम्बन्धित सचिवबाट र अन्य सार्वजनिक निकायका हकमा सम्बन्धित सार्वजनिक निकायको खरिद नियमावली वा विनियममा व्यवस्था भएको अधिकारीबाट" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को उपनियम (२) मा रहेको "बोलपत्र" भन्ने शब्दको सट्टा "बोलपत्र जमानत" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम १८ मा संशोधनः** मूल नियमावलीको नियम १८ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) मौजुदा सूची तयार गर्नको लागि  कम्तीमा पन्ध्र दिनको म्याद दिई प्रत्येक आर्थिक वर्षको प्रारम्भमा देहायका विवरण खुलाई केन्द्रीयस्तरको सार्वजनिक निकायले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी र जिल्लास्थित सार्वजनिक निकायले

त्यस्तो सूचना राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरी वा आफ्नो कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गरी इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट निवेदन माग गर्नु पर्नेछः-

(क) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकको योग्यता,

(ख) मौजुदा सूचीको वर्गीकरण ,

(ग) मौजुदा सूची अद्यावधिक गर्ने कार्यविधि, र

(घ) मौजुदा सूची मान्य रहने अवधि ।"

**५. <u>मूल नियमावलीको नियम १९ मा संशोधनः</u>** मूल नियमावलीको नियम १९ को उपनियम (२) को ,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा,"

(२) खण्ड (ग), (घ), (ङ) र (च) झिकिएका छन् ।

**६. <u>मूल नियमावलीको नियम २७ मा संशोधनः</u>** मूल नियमावलीको नियम २७ को,-

(१) उपनियम (१) को खण्ड (छ) मा रहेको "बोलपत्र" भन्ने शब्दको सट्टा "प्रस्ताव सम्बन्धी" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) को खण्ड (क) मा रहेका "तीन वर्षको" भन्ने शब्दहरुको सट्टा "दश वर्षको" भन्ने शब्दहरु राखिएका छन् ।

**७. <u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३१ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सार्वजनिक निकायले दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा वा बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्नेछ ।"

**८. <u>मूल नियमावलीको नियम ४० मा संशोधनः</u>** मूल नियमावलीको नियम ४० को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैरवासिन्दा बोलपत्रदाताले सो उपनियमको खण्ड (ग) र (घ) बमोजिमका कागजात पेश गर्नु पर्ने छैन ।"

९. **<u>मूल नियमावलीको नियम ५३ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) सार्वजनिक निकायले खरिदको प्रकृती अनुसार सबै बोलपत्रदातालाई समानरुपले लागू हुने गरी स्वीकृत लागत अनुमान रकमको दुईदेखि तीन प्रतिशत रकमको सीमाभित्र रही निश्चित रकम तोकी बोलपत्र आव्हानको सूचनामा बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्ने बोलपत्र जमानत रकम उल्लेख गर्नु पर्नेछ । यस्तो रकम नगदै वा वाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बोलपत्र जमानत हुनु पर्नेछ ।"

१०. **<u>मूल नियमावलीमा नियम ५४क. थपः</u>** मूल नियमावलीको नियम ५४ पछि देहायको नियम ५४क. थपिएको छः-

"**५४क. <u>बोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना दिने अवधिः</u>** सार्वजनिक निकायले बोलपत्र वा प्रस्ताव खोलेको मितिले दश करोड रुपैयाँसम्म लागत अनुमान भएको वोलपत्र वा प्रस्ताव भए तीस दिनभित्र र दश करोड रुपैयाँभन्दा बढीको लागत अनुमान भएको वोलपत्र वा प्रस्ताव भए पैतालीस दिनभित्र वोलपत्र वा प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना बोलपत्रदाता वा प्रस्तावदातालाई दिनु पर्नेछ ।"

११. **<u>मूल नियमावलीको नियम ६७ मा सशोधनः</u>** मूल नियममावलीको नियम ६७ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिम बोलपत्र आफैले स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।"

१२. **<u>मूल नियमावलीमा नियम ८१क. थपः</u>** मूल नियमावलीको नियम ८१ पछि देहायको नियम ८१क. थपिएको छ :-

"**८१क. <u>परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारी</u>** :(१) देहायको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :-

(क) दश लाख रुपैयाँसम्मको राजपत्राकिंत तृतीय श्रेणीको कार्यालय प्रमुख,

(ख) पचास लाख रुपैयाँसम्मको राजपत्रांकित द्वितीय श्रेणीको कार्यालय प्रमुख,

(ग) एक करोड रुपैयाँसम्मको राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख,

(घ) एक करोड रुपैयाँभन्दा बढीको विभागीय प्रमुख ।

(२) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिम परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक अंग वा निकाय, मन्त्रालय, सचिवालय र यस्तै प्रकृतिका अन्य कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयको लागि गरिने खरिदको जतिसुकै रकमको प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।"

१३. **मूल नियमावलीको नियम ८४ मा संशोधन** : मूल नियमावलीको नियम ८४ को,-

(१) उपनियम (१) सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) दश लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा वा बीस लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिनेछ ।"

(२) उपनियम (३) पछि देहायका उपनियम (३क) र (३ख)थपिएका छन् :-

"(३क) उपनियम (३) बमोजिम सूचना प्रकाशन गर्दा तीनभन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नगरी सोही उपनियम बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३ख) उपनियम (३क) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि आवश्यक संख्यामा सिलबन्दी दरभाउपत्र पेश हुन नआएमा पेश हुन आएका दरभाउपत्र मध्येबाट दरभाउपत्र स्वीकृत गर्न बाधा पर्ने छैन ।"

(३) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छः-

"(६) सार्वजनिक निकायले सिलबन्दी दरभाउपत्रको जमानत माग गर्दा स्वीकृत लागत अनुमान रकमको दुईदेखि तीन प्रतिशत रकमको सीमाभित्र रही निश्चित रकम तोकी सिलबन्दी दरभाउपत्र मागको सूचनामा जमानत रकम उल्लेख गर्नुपर्नेछ। यस्तो जमानत रकम नगद वा वाणिज्य बैंकबाट पचहत्तर दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत(बैंक ग्यारेन्टी) सिलबन्दी दरभाउपत्र दिने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ।"

(४) उपनियम (११) मा रहेका "उपनियम (९) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (१०) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(५) उपनियम (१२) मा रहेका "उपनियम (१०) बमोजिम" भन्ने शब्दहरुको सट्टा "उपनियम (११) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

**१४. <u>मूल नियमावलीको नियम ८५ मा संशोधन</u> :** मूल नियमावलीको नियम ८५ को;

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) बमोजिम खरिद गर्दा उपनियम (४) को अधीनमा रही देहायको सीमा नबढ्ने गरी सोझै खरिद गर्न सकिने छः-

(क) पाँच लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य,

(ख) तीन लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान वा परामर्श सेवा।"

(२) उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन् :-

"(१क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा उत्पादित पन्ध्र लाख रुपैयाँसम्मको मालसामान उत्पादकबाट खरिद गर्दा सोझै खरिद गर्न सकिनेछ।

(१ख) उपनियम (१) र (१क)मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन।"

(३) उपनियम (३) पछि देहायको उपनियम (३क),(३ख) र (३ग) थपिएका छन् :-

"(३क) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सार्वजनिक निकायलाई आबश्यक पर्ने मालसामानको उत्पादक  नेपालमा एउटा मात्र भएको र अन्य उपयुक्त विकल्प नभएमा खरिद गर्ने सार्वजनिक निकायको प्रमुखले सोही व्यहोरा अभिलेख गरी उत्पादकसँग सोझै खरिद गर्न  सकिनेछ ।

(३ख) उपनियम (१क) र(३क) बमोजिम उत्पादकबाट सोझै खरिद गर्दा  देहायका शर्तहरु पूरा गरेको उत्पादकबाट गर्नु पर्नेछ :-

(क) त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्रि मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको,

(ख) त्यस्तो उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छूट खरिद गर्ने सार्वजनिक निकायलाई दिएको ।"

(३ग) सार्वजनिक खरिद अनुगमन कार्यालयले उपनियम (३क) बमोजिम खरिद भएको अवस्थामा त्यस्तो खरिदसँग सम्बन्धित उद्योगको उत्पादन लागतको परीक्षण गर्न वा गराउन सक्ने छ । त्यसरी परीक्षण गर्दा लागत अस्वाभाविक भएको पाईएमा त्यस्तो उद्योगलाई कालो सूचीमा राख्न सकिनेछ ।

(४) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ :-

"(४) सार्वजनिक निकायले पच्चीस हजार रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ ।"

१५. **मूल नियमावलीको नियम ८९ मा संशोधन** : मूल नियमावलीको नियम ८९ को उपनियम (३) को खण्ड (ख) मा रहेका "पचासप्रतिका दरले" भन्ने शब्दको सट्टा "बीसप्रतिका दरले" भन्ने शब्दहरु राखिएका छन् ।

१६. **मूल नियमावलीको नियम ९७ मा संशोधन** : मूल नियमावलीको नियम ९७ को उपनियम ( १) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१)मा उल्लिखित साठी लाख रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ।"

१७. **<u>मूल नियमावलीको नियम १०१ मा संशोधन</u>:** मूल नियमावलीको नियम १०१ मा रहेका "तीन करोड" भन्ने शब्दहरुको सट्टा "दुई करोड" भन्ने शब्दहरु राखिएका छन्।

१८. **<u>मूल नियमावलीको नियम १०३ मा संशोधन</u>:** मूल नियमावलीको नियम १०३ को,-

(१) नियम शीर्षकमा रहेका "खरिद सम्झौता" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (१)मा रहेका "खरिद सम्झौताको विषयमा" भन्ने शब्दहरु झिकिएका छन्।

१९. **<u>मूल नियमावलीको नियम ११३ मा संशोधन</u>:** मूल नियमावलीको नियम ११३ को ठाउँठाउँमा रहेका "आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदाता" भन्ने शब्दहरुको सट्टा "आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायक" भन्ने शब्दहरु राखिएका छन्।

२०. **<u>मूल नियमावलीको नियम १२३ मा संशोधन</u> :** मूल नियमावलीको नियम १२३ को,-

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) बमोजिमको पेश भएको रनिङ बिल वा अन्य कुनै बिल विजक र कागजात सम्बन्धित अधिकारीले ३०(तीस) दिनभित्र स्वीकृत गरी खरिद सम्झौता अनुसार सार्वजनिक निकायले त्यस्तो बिल वा विजकको सोही अवधिभित्र भुक्तानी समेत गर्नु पर्नेछ।"

(२) उपनियम (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर खरिद सम्झौतामा रिटेन्सन मनी कट्टा गर्नु नपर्ने व्यवस्था भएमा त्यस्तो रकम कट्टा गरिने छैन।"

(३) उपनियम (८) मा रहेका "उपनियम (१)को खण्ड (क),(ख),(ग)र(घ)बमोजिम" भन्ने शब्दहरु झिकिएका छन्।

२१. **<u>मूल नियमावलीको नियम १२४ मा संशोधन</u> :** मूल नियमावलीको नियम १२४ को,-

(१) उपनियम (२) मा रहेका "आन्तरिक राजश्व कार्यालयबाट आय विवरण" भन्ने शब्दहरुको सट्टा "आन्तरिक राजश्व कार्यालयमा कर विवरण" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संयुक्त उपक्रमको हकमा रिटेन्सन मनी भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछि भुक्तानी दिइनेछ ।"

२२. **<u>मूल नियमावलीको नियम १३७ मा संशोधन</u>:** मूल नियमावलीको नियम १३७ को उपनियम (२) मा रहेका "मिलाउन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "मिलाउनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

२३. **<u>मुल नियमावलीको नियम १४५ पछि १४५क. थप</u>:** मुल नियमावलीको नियम १४५ पछि नियम १४५क. थपिएको छः-

" १४५क. **<u>सरकारी खरिद सेवा कार्यालयको स्थापना</u>:** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायलाई आपूर्तिकर्ता छनौट तथा मालसामान खरिदमा सहयोग गर्न नेपाल सरकारले केन्द्रिय स्तरमा एक सरकारी खरिद सेवा कार्यालयको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मालसामान ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायहरुले उपनियम (१) बमोजिम स्थापना भएको सरकारी खरिद सेवा कार्यालयसँग समझदारी गरी सो कार्यालयले छनौट गरेको आपूर्तीकर्ताबाट खरिद गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम स्थापना भएको कार्यालयको काम देहाय बमोजिम हुनेछः

(क) ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायहरुबाट मालसामानको प्रकार, गुणस्तर, परिमाण सम्बन्धी विवरण, मालसामान आवश्यक पर्ने समय तथा बजेट व्यवस्था सम्बन्धी विवरण सहितको खरिद माग संकलन गर्ने र समझदारी गर्ने,

(ख) खरिद मागको बिश्लेषण गरी मालसामानको खरिदको विवरण ( स्पेसिफिकेशन), लागत अनुमान तयार तथा बोलपत्र सम्बन्धी कागजात तयार गर्ने,

(ग) बोलपत्र आव्हान गरी आपूर्तिकर्ता छनौट गर्ने,

(घ) आपूर्तिकर्तासंग भएको खरिद शर्त बमोजिम खरिद गर्न सम्बन्धित सार्वजनिक निकायलाई सूचना दिने ।

(४) सरकारी खरिद सेवा संचालनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले छुट्टै खरिद निर्देशिका जारी गर्नु पर्नेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम स्थापना भएको कार्यालयले निर्धारण गरेको मुल्यभन्दा बजार मुल्य सस्तो भएमा बजारबाट खरिद गर्न यस नियममा लेखिएको कुनै कुराले बाधा पार्ने छैन ।"

२४. **मूल नियमावलीको नियम १४६ मा संशोधन**: मूल नियमावलीको नियम १४६ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) सार्वजनिक खरिद अनुगमन कार्यालयले ऐनको दफा ६९ को प्रयोजनको लागि एउटा मात्र पोर्टल रहने गरी विद्युतीय खरिद प्रणालीको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

"(३) सार्वजनिक निकायले उपनियम (२) बमोजिम स्थापना भएको विद्युतीय खरिद प्रणालीमा आवद्ध भई सार्वजनिक खरिद अनुगमन कार्यालयको मार्ग निर्देशन बमोजिम विद्युतीय संचारको माध्यमबाट खरिद कारोबार गर्नु पर्नेछ ।"

२५. **खारेजी**: मूल नियमावलीको नियम ५० खारेज गरिएको छ ।

आज्ञाले,
डा.त्रिलोचन उप्रेती
नेपाल सरकारको
सचिव

मिति २०६८।३।१